# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०६।०२

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ २०७७।०४।१६

## संवत् २०७६ सालको ऐन नं. १४

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गरी गुणस्तरीय र अन्तर्राष्ट्रिय मान्यता प्राप्त दक्ष जनशक्ति उत्पादन गर्न र आम नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा १५ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(घ) "कुलपति" भन्नाले दफा १६ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(ङ) "डीन" भन्नाले दफा २१ बमोजिमको डीन सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निर्देशक" भन्नाले दफा २२ बमोजिमको निर्देशक सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(झ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २० बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ।

(ड) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएका व्यक्तिहरुलाई सम्झनु पर्छ।

(ढ) "शिक्षाध्यक्ष" भन्नाले दफा १९ बमोजिमको व्यक्ति सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

(ण) "शैक्षिक संस्था" भन्नाले दफा १४ बमोजिम स्थापना भएका शैक्षिक संस्थालाई सम्झनु पर्छ।

(त) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(थ) "सहकुलपति" भन्नाले दफा १७ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) प्रदेशमा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न एवम् आम नागरिकलाई सहज एवम् सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिनेछ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय मकवानपुर जिल्लाको हेटौंडामा रहनेछ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न, चलन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रतिष्ठानको स्वरुपः** प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरू रहने छन् र तिनीहरूको सामूहिक रुप प्रतिष्ठानको स्वरुप हुनेछः-

(क) सभा,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) सेवा आयोग,

(ङ) अनुसन्धान केन्द्र,

(च) अस्पताल,

(छ) तोकिए बमोजिमका अन्य निकाय।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

६. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने, गराउने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा अस्पतालसँग सम्पर्क, समन्वय, सम्झौता तथा सहकार्य गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ङ) अन्तर्राष्ट्रिय संघ संस्था तथा स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय र प्रतिष्ठानसँग सम्बन्ध स्थापना, विस्तार र पारस्परिक सहयोग आदान प्रदान तथा सहकार्य गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, सम्मेलन, सेमिनार आयोजना गर्ने, गराउने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक आदि प्रकाशन गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको संगठन मार्फत प्रयोग र पालना हुनेछन्।

## परिच्छेद-३

## <u>सभाको गठन तथा काम, कर्तव्य र अधिकार</u>

७. <u>सभाको गठनः</u> (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

(क) कुलपति -अध्यक्ष

(ख) सहकुलपति -उपाध्यक्ष

(ग) प्रतिष्ठानको मुख्य कार्यालय रहेको निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्य -सदस्य

(घ) प्रतिष्ठानको मुख्य कार्यालय रहेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ठाँउको सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(ङ) सदस्य, प्रदेश नीति तथा योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) -सदस्य

(च) उपकुलपति -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(झ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ञ) शिक्षाध्यक्ष -सदस्य

(ट) डीन -सदस्य

(ठ) शिक्षकहरूमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्बाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ड) दलित, आदिवासी/जनजाति,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अल्पसंख्यक, सीमान्तकृत तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कार्यकारी परिषद्को सिफारिसमा स्नातकउपाधि प्राप्त मध्येबाट सभाबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ढ) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुमध्ये सभाबाट मनोनीत एक जना -सदस्य

(ण) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(५) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(६) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. **सभाको काम, कर्तव्य र अधिकारः** सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) आफ्नो मातहतमा रहेका प्रतिष्ठानका विभिन्न निकायहरुलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) प्रदेश स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखा परीक्षणका लागि महालेखा परीक्षकको परामर्शमा लेखा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

परीक्षक नियुक्त गर्ने र लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने,

(ञ) दुर्गम स्थानहरुमा प्रतिष्ठानको तर्फबाट स्वयंसेवी सेवाले योजना बनाउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-४

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **कार्यकारी परिषद्को गठनः** (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) शिक्षाध्यक्ष -सदस्य

(ग) डीन -सदस्य

(घ) प्रतिष्ठानका शिक्षक मध्येबाट कम्तीमा एकजना महिला सहित

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

दुई जना -सदस्य

(ङ) प्रतिष्ठान सम्बद्ध अस्पतालका

निर्देशक -सदस्य

(च) रजिष्ट्रार -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार**: कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायहरुबाट सम्पन्न भएका काम, कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायहरुलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, व्यवस्थापन, रेखदेख र संरक्षण गर्ने, ठेक्कापट्टा लगाउने,

(च) प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवा गर्ने,

(छ) स्थायी पदपूर्ति नभएसम्मको लागि अस्थायी/करारमा शिक्षक तथा कर्मचारीको नियुक्ति गर्ने,

(ज) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग ग्रहण गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद-५

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. **प्राज्ञिक परिषद्को गठनः** (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रुपमा एक प्राज्ञिक परिषद् रहनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) शिक्षाध्यक्ष -अध्यक्ष

(ख) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरू मध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत तीन जना -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय - सदस्य

(घ) निर्देशक,स्वास्थ्य निर्देशनालय -सदस्य

(ङ) निर्देशक, शिक्षा विकास निर्देशनालय -सदस्य

(च) प्रतिष्ठानका पाठ्यक्रम र परीक्षा सम्बन्धी निकायका प्रमुख -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(छ) प्रतिष्ठानका शिक्षकमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुईजना -सदस्य

(ज) प्रदेश अन्तर्गतका अस्पतालहरुका मेडिकल सुपरिटेन्डेन र नर्सिङ प्रमुखहरुमध्ये कम्तीका एक जना महिला सहित तीन जना -सदस्य

(झ) डीन -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकारः** प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) विद्यार्थी छनौट गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक तथा अध्ययन अध्यापन सामग्रीहरु तयार गर्ने, गराउने,

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम तथा प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने,

(ठ) अध्ययन, तालिम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने, गराउने तथा अनुगमन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-६

## संकाय, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

१३. **संकाय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले संकाय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

प्रदेश कानून तथा मन्त्रालय,बागमती आन्तरिक मामिला प्रदेश

(२) उपदफा (१) बमोजिम स्थापित संकाय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. **<u>शैक्षिक संस्थाको स्थापना तथा सञ्चालन</u>ः** (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकतानुसार शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाहरुको व्यवस्थापन तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

१५. **<u>अस्पतालको स्थापना र सञ्चालन</u>ः** (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय एवं सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि अस्पतालको स्थापना गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भई रहेको हेटौंडा अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा प्रदेश मातहत रहेका कुनै पनि अस्पताललाई प्रतिष्ठानमा आवद्ध गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(४) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१६. **कुलपति**: (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

१७. **सहकुलपति**: (१) प्रतिष्ठानमा एक सहकुलपति रहने छ।

(२) प्रदेशको सामाजिक विकास मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

१८. **उपकुलपति**: (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक सिफारिस समिति गठन हुनेछ।

(३) उपदफा (२) बमोजिमको समितिले उपकुलपतीको लागि तीन जनाको नाम मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ। सिफारिस भएका मध्येबाट प्रदेश सरकारले उपकुलपति नियुक्ति गर्नेछ।

(४) उपदफा (३) बमोजिम उपकुलपति नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, निजको काम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. <u>**शिक्षाध्यक्षः**</u> (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(३) शिक्षाध्यक्ष प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) शिक्षाध्यक्षको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>**रजिष्ट्रारः**</u> (१) प्रतिष्ठानको आर्थिक र प्रशासन सम्बन्धी कामको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले रजिष्ट्रार नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(३) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) रजिष्ट्रारको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

२१. **डीनः** (१) प्रतिष्ठानको संकायको प्रमुख भई काम गर्नको लागि उपकुलपतिले आवश्यकता अनुसार डीनको नियुक्ति गर्नेछ।

(२) डीनको पदावधि चार वर्षको हुनेछ।

(३) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) डीनको नियुक्तिको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **निर्देशकः** (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि उपकुलपतिले रजिष्ट्रारको सिफारिसमा निर्देशकको नियुक्ति गर्नेछ।

(२) निर्देशकको नियुक्तिको योग्यता, काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सेवा एवं सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **अन्य पदाधिकारीः** (१) प्रतिष्ठानमा तोकिए बमोजिमका अन्य पदाधिकारी रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

२४. **<u>पदबाट हटाउन सक्ने</u>:** (१) उपकुलपति वा शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य कुनै एक सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानविन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा ईमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालना नगरेको भनि सिफारिस गरेमा उपकुलपतिलाई प्रदेश सरकारले र शिक्षाध्यक्ष र रजिष्ट्रारलाई सहकुलपतिले पदबाट हटाउनेछ।

(३) उपदफा (१) बमोजिमको छानविन समिति गठन भएपछि निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउन सिफारिस गर्नु अघि छानविन समितिले निज उपर लागेको आरोपको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

२५. **<u>प्रतिष्ठानका शिक्षक तथा कर्मचारी</u>:** (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको स्थायी नियुक्ति प्रदेश लोक सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुनेछ।

तर दफा ३६ बमोजिम रहने कर्मचारीको हकमा सोही बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुनेछ।

२६. **<u>काजमा खटाउन सक्ने</u>:** (१) प्रदेश सरकारले ◈<u>प्रदेश सरकारका कुनै कर्मचारीलाई</u> प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काजमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटिएको कर्मचारीले साविकको सेवा सुविधामा नघट्ने गरी

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रतिष्ठानको कर्मचारीले पाए सरहको थप सुविधा समेत पाउनेछ।

## परिच्छेद-८

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२७. **प्रतिष्ठानको कोषः** (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ संस्थाबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, संघ संस्था वा सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले कुनै रकम प्राप्त गर्नु पूर्व प्रदेश सरकारबाट र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

खण्ड (घ) बमोजिम रकम प्राप्त गर्नु पूर्व प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **लेखा र लेखापरीक्षण**: (१) प्रतिष्ठानको आय-व्ययको लेखा दोहोरो लेखा प्रणालीमा आधारित प्रचलित कानून बमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९

## विविध

२९. **प्रतिष्ठानलाई छुट र सुविधा**: प्रतिष्ठानलाई देहायका विषयमा भन्सार महशुल, मूल्य अभिवृद्धि कर, आयकर लगायतका कर छुटका लागि संघीय सरकार समक्ष मन्त्रालयले सिफारिस गर्न सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(क) स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निर्माण तथा सञ्चालनको लागि विदेशबाट आयात गर्ने निर्माण सामग्री तथा मेशिनरी, औजार, उपकरण र अन्य शैक्षिक सामग्री,

(ख) प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्ति, विद्वतवृत्ति र पुरस्कार,

(ग) प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य र अनुदान,

(घ) प्रतिष्ठानको अन्य श्रोत र सम्पत्ति,

(ङ) तोकिए बमोजिमका अन्य कुनै विषय।

३०. **स्वास्थ्य र शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरुप काम गर्नु पर्ने**: प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य र शिक्षा सम्बन्धी नीति अनुरुप काम गर्नु पर्नेछ।

३१. **भर्नामा प्राथमिकता दिनु पर्ने**: प्रतिष्ठानले विभिन्न तहमा विद्यार्थी भर्ना गर्दा तोकिएको दुर्गम तथा पिछडिएको क्षेत्रका स्वास्थ्य संस्थामा तोकिएको अवधिभर सेवा गरेका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

३२. **आरक्षण सम्बन्धी व्यवस्था**: (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा विभिन्न तहमा विद्यार्थी भर्ना गर्दा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरेको आर्थिक रुपले विपन्न महिला, दलित,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

आदिवासी/ जनजाती, मधेशी, द्वन्दपीडित, अल्पसंख्यक र सीमान्तकृतहरु मध्येबाट प्रदेश भित्रका नेपाली विद्यार्थीलाई कम्तीमा दश प्रतिशत स्थान आरक्षणको लागि छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको आरक्षण प्रतिशतलाई शतप्रतिशत मानी प्रचलित कानून बमोजिम छुट्याइएको प्रतिशतका आधारमा आरक्षण सुविधा उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम आरक्षणको लागि विद्यार्थी खुल्ला प्रतिस्पर्धाद्वारा छनौट गरिनेछ।

३३. **छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**: (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा विद्यार्थी भर्ना गर्दा उपलब्ध गराउने छात्रवृति सम्बन्धी व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम हुनेछ।

(२) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ उपदफा (१) बमोजिम निर्धारित प्रतिशतलाई शत प्रतिशत मानी सोको पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेशी, द्वन्द पीडित, अल्पसंख्यक सीमान्तकृत वर्गका विद्यार्थीलाई छात्रवृति उपलब्ध गराइनेछ।

(३) प्रतिष्ठानले विपन्न विद्यार्थीलाई आंशिक रुपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(४) कुनै निकाय वा संस्थाले कुनै विद्यार्थीलाई प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

**३४. तोकेको स्थानमा काम गर्नु पर्नेः** (१) यस ऐन बमोजिम आरक्षण वा छात्रवृतिमा अध्ययन गरेको विद्यार्थीले प्रदेश भित्रको ग्रामीण क्षेत्रमा कम्तीमा दुई वर्ष काम गर्नु पर्नेछ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिमको तोकिएको अवधिभर काम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम खटाइने पिछडिएको वा दुर्गम क्षेत्रको सम्बन्धमा छात्रावृत्ति दिनु भन्दा अगावै उल्लेख गरी मात्र छात्रवृत्ति प्रदान गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस ◈ऐनको प्रयोजनका लागि पिछडिएको वा दुर्गम क्षेत्र भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्रको कुनै स्थानलाई

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

पिछडिएको वा दुर्गम क्षेत्र भनी तोकेको क्षेत्र सम्झनु पर्नेछ। यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेको रहेछ भने त्यसरी तोकेको यस प्रदेश भित्र परेको क्षेत्रलाई आधार लिन सक्नेछ।

(४) दफा ३३ को उपदफा (१) बमोजिमको आरक्षण र दफा ३४ बमोजिमको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले उल्लिखित पूरा अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ।

(५) प्रतिष्ठानले दफा ३३ र ३४ बमोजिमको आरक्षण वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक प्रतिष्ठानमा अध्ययन गर्ने अन्य विद्यार्थीलाई अध्ययन पश्चात् पिछडिएका क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

३५. **नेपाल सरकारको सहमति लिनु पर्नेः** प्रतिष्ठानले यस ऐन बमोजिम कुनै कार्यका लागि विदेशी निकायसँग कुनै विषयमा सम्झौता गर्दा वा आर्थिक सहायता लिँदा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको सहमति बमोजिम गर्नु पर्नेछ।

३६. **कर्मचारी प्रतिष्ठानमा रहन सक्नेः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत हेटौंडा अस्पताल, हेटौंडामा कार्यरत स्थायी कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्बन्धी नियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रतिष्ठानमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई प्रतिष्ठानको समान स्तर र तहको पदमा सरेको कर्मचारी मानिनेछ। यसरी प्रतिष्ठानमा आएका कर्मचारीको खाइपाई  आएको सेवा सुविधामा घटी हुने गरी राखिने छैन।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

३७. **<u>अन्य संस्थालाई समाहित गर्न सक्ने</u>**: (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका स्वास्थ विज्ञान सम्बन्धी कुनै संस्था प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३८. **<u>सम्बन्धन दिन नसक्ने</u>**: प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

३९. **<u>काम कारबाही बदर नहुने</u>**: प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

संगठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन।

४०. **शपथ लिनु पर्नेः** प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि उपकुलपतिले कुलपति समक्ष र बाँकीले उपकुलपति समक्ष तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४१. **गुणस्तरको मूल्याङ्कन, अनुगमन नियन्त्रणः** प्रतिष्ठानबाट सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको गुणस्तर मूल्याङ्कन, अनुगमन नियन्त्रण राष्ट्रिय मापदण्डका आधारमा सम्बन्धित काउन्सिलबाट हुनेछ।

४२. **प्रदेश सरकारसँग सम्पर्कः** प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४३. **निर्देशन दिन सक्नेः** प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा मन्त्रालयले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

४४. **वार्षिक प्रतिवेदनः** (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको सभाबाट स्वीकृत वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ।

४५. **<u>अधिकार प्रत्यायोजन</u>**ः (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा सेवा आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४६. **<u>नियम बनाउने अधिकार</u>**ः (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) प्रतिष्ठानले यस ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

४७. **<u>खारेजी र बचाउ</u>**ः (१) प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ बमोजिम हेटौंडा अस्पताल अन्तर्गत गठन भएको समिति खारेज गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) प्रतिष्ठान स्थापना तथा सञ्चालनका लागि मकवानपुरको हेटौंडा अस्पतालमा उपलब्ध एवम् उपयोग गरिएका सम्पूर्ण चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ।

(४) यस ऐन बमोजिम अस्पतालको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नभएसम्मको लागि उपदफा (१) बमोजिम गठित समितिले व्यवस्थापन समितिको काम गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश